काठमाडौं महानगरपालिका

येँ महानगरपालिका

नगर कार्यापालिकाको कार्यालय

# शहरी योजना आयोग

काठमाडौं, बागमती प्रदेश, नेपाल

पत्र संख्या: ०७९/०८०
चलानी नं.: ३२

काठमाडौं महानगरपालिका शहरी योजना आयोग थापाथली, काठमाडौं २०७४

मिति: २०७९।१०।१६

श्रीमान वडा अध्यक्षज्यू
सवै वडा कार्यालयहरु
काठमाडौं महानगरपालिका

विषय: आयोजना छनौट गरी पठाउने सम्बन्धमा ।

प्रस्तुत सम्बन्धमा, काठमाडौं महानगरपालिका शहरी योजना आयोगको आ.व. २०७९।८० को स्वीकृत बार्षिक बजेट तथा कार्यक्रमको क्र.स.७८२ अन्तर्गत नगर आयोजना बैंकको लागि आयोजना छनौट, प्राथमिकिकरण तथा बर्गीकरण गर्ने कार्यक्रम शुरु गर्न लागिएकोले आगामी ५ वर्षका लागि प्रत्येक वडाबाट ३ प्रकारको आयोजनाहरु (प्राथमिकता प्राप्त/गौरवका/स्वर्णीम) छनौट गरी तपसिल बमोजिमको प्रकार खुलाई फारम भरि यस शहरी योजना आयोगको सचिवालयमा र email मा पठाईदिन हुन निर्देशानुसार हार्दिक अनुरोध गर्दछु । साथै आयोजना छनौट सम्बन्धी तयार गरिएका आधारहरु (guideline) पनि यसै साथ संलग्न गरी पठाइएको व्यहोरा पनि अनुरोध छ ।

आयोजनाको प्रकार

१. १ करोडसम्मका प्राथमिकताको आधारमा २० वटा आयोजनाहरु
२. १ करोड देखि ५ करोड सम्मका महानगर गौरवका ५ वटा आयोजनाहरु
३. ५ करोड भन्दा माथिका १ वटा स्वर्णीम आयोजना

आयोजना फारमको नमुना

| क्र.स. | आयोजनाको नाम | आयोजनाकोकिसिम (प्राथमिकता प्राप्त /गौरवका/स्वर्णीम) | विषय क्षेत्र -आर्थिक विकास, सामाजिक विकास, पूर्वाधार विकास, अन्तरसम्बन्धित क्षेत्र भए क्षेत्रहरु खुलाउने | परियोजनाको संक्षिप्त परिचय: किन आवश्यक छ ? कारण खुलाउने | आयोजनाको अवधि | आयोजनाको अनुमानित बजेट |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

सम्पर्क : प्रतिक श्रेष्ठ, सहायक विज्ञ ९८४३२७३६५५, email: pratikcpc101@gmail.com

०७९।१०।१६
कुमारी राई
सचिवालय प्रमुख, शहरी योजना आयोग

<u>आधारहरु (guideline)</u>

१. ५ वटा प्राथमिकता प्राप्त योजना छनौट गर्दा विकासका पाँच क्षेत्र (आर्थिक विकास, सामाजिक विकास, पूर्वाधार विकास, वातावरण तथा विपद् व्यवस्थापन, सुशासन तथा सेवा प्रवाह) लाई आधार मानी छनौट गर्नुपर्नेछ । जुन क्षेत्रको योजना पहिले कार्यान्वयन गर्न आवश्यक छ, त्यो योजनालाई प्रथम, तत्पश्चात दोस्रो गरी छनौट गर्नुपर्नेछ ।

२. वडा कार्यालयबाट प्राप्त स्वर्णीम योजना, गौरवका योजना र प्राथमिकता प्राप्त योजनालाई नगरस्तरीय योजना, तथा संघ र प्रदेश सरकार समक्ष माग गर्ने योजनामा समावेश गरी क्रमशः कार्यान्वयन गर्न सकिनेछ ।

३. वडा कार्यालयहरुले आगामी आर्थिक वर्षहरुमा योजना छनौट गर्दा यसरी छनौट भएका योजनालाई प्राथमिकतामा राखी छनौट गर्नुपर्नेछ ।

४. योजना छनौट गर्दा वडाका सबै बस्ती, टोलहरु लाभान्वित हुने गरी छनौट गर्नुपर्नेछ ।

५. योजनाको स्वामित्व तथा दिगोपनको लागि योजना छनौट गर्दा स्थानीय राजनीतिक दल, टोल विकास समिति, नागरिक समाज लगायतका संघसंस्थालाई आमन्त्रण गर्न सकिनेछ ।

६. एक पटक प्रस्ताव गरेको योजना विशेष कारण विना संशोधन वा फेरबदल गर्न सकिने छैन ।

७. नगरस्तरीय गौरवको योजना छनौट गर्दा बढी भन्दा वढी जनसंख्या लाभान्वित हुने, वडा भित्रको उत्पादन र उत्पादकत्व बढ्ने, वडागत विकासको सन्तुलन कायम हुने र सकेसम्म दुई वटा वडालाई छुने गरी छनौट गर्नुपर्नेछ ।

८. योजनाहरु छनौट गर्दा वडा समितिको बैठकबाट निर्णय गरी छान्नुपर्नेछ । उक्त बैठकमा सम्बन्धित वडाका नगर कार्यपालिका सदस्यलाई समेत आमन्त्रण गर्नुपर्नेछ ।